प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, कास्की**
गण्डकी प्रदेश, पोखरा

## कार्यक्रम सञ्चालनको लागि आवेदन प्रस्ताव पेश/गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशन मितिः २०७९/०७/२१)

यस कार्यालयको आ.व. २०७९/०८० को बजेट उप-शीर्षक ३१२९११२२ (कृषि विभाग-संघ शसर्त अनुदान) तर्फका स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यविधि अनुसार तपशिलका कार्यक्रम संचालन गर्न इच्छुक कास्की जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषिसंग सम्बन्धित समूह तथा सहकारी संस्थाले यो सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०७९/०८/२० गते) भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिलः**

| क्र. सं | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग/ लागत साझेदारी | ईकाइ | परिमाण | बजेट रू | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|---|
| कृषि विभाग अन्तर्गतका कार्यक्रम | | | | | | |
| १ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७८ अनुसार अधिकतम ८५ प्रतिशत सम्म लागत साझेदारी | पटक | १ | २५ लाख | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७८ अनुसार |
| २ | मकैबाली प्रवर्द्धन कार्यक्रम | | पटक | १ | ७० लाख | |
| ३ | खुल्ला जमिनमा उत्पादन प्रवर्द्धन कार्यक्रम | | पटक | १ | १४ लाख | |
| ४ | कृषि उपजको प्याकेजिङ्ग तथा लोगो छपाई र प्रमाणिकरण | | पटक | १ | ४ लाख | |
| ५ | संरक्षित संरचनामा प्राङ्गारिक उत्पादन प्रवर्द्धन कार्यक्रम | | पटक | १ | १८ लाख | |
| ६ | कृषि उपजको बजार प्रवर्द्धन कार्यक्रम | | पटक | १ | २.५ लाख | |
| ७ | उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम | | पटक | २ | १० लाख | |
| ८ | उन्नत बीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग | | पटक | १ | ९ लाख | |

**आवश्यक कागजातहरुः**

- निर्दिष्ट ढाँचामा निवेदन र प्रस्ताव
- सोही प्रकृतिको कार्यक्रमका लागी अघिल्लो २ आ.व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र
- व्यक्तिगत कृषकको हकमा नेपाली नागरिकताको प्रतिलिपि
- कार्यक्रममा सहभागी गराउने सम्वन्धमा सम्बन्धित वडाको सिफारिस
- खेती विस्तार हुने जग्गाको जग्गाधनी पूर्जा वा करार सम्झौताको प्रतिलिपि (करार सम्झौता न्यूनतम १० वर्ष अवधिको हुनुपर्नेछ)
- कृषक समूह, सहकारी र साझेदारी कम्पनीको हकमा कार्यसमितीको निर्णय प्रतिलिपि, संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT दर्ता प्रमाण पत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्र/अडिट रिपोर्टको प्रतिलिपि।

*नोटः कार्यक्रम सम्बन्धी निवेदन तथा प्रस्तावनाको ढाँचा यस कार्यालयबाट एवं यस कार्यालयको वेबसाईट kaski.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीको लागि ०६१-४६१२५०, ९८५६००१३४४, ९८५७०४१२३१, ९८५६०३७४३५, ९८५७६२१३४१ मा सम्पर्क गर्न सकिनेछ ।*

२०७९/०७/२१

शालिकराम अधिकारी
प्रमुख
(अधिकृत स्तर नवौं)

CS CamScanner